# प्रजनन केन्द्रमा हुर्काइएका गिद्ध प्राकृतिक बासस्थानमा पुनस्थापीत

प्रकृतिबाट गिद्ध लोपहुन बाट बचाउने उद्देश्य अनुसार चितवन राष्ट्रिय निकुञ्जको कसरामा रहेको गिद्ध संरक्षण तथा प्रजनन केन्दमा हुर्काईएका र त्यहा जन्मिएका गिद्धलाई सुरक्षित प्राकृतिक वातावरणमा पुर्नस्थापना गराउने लक्ष्य अनुसार गत वर्ष ६ र यस वर्ष १२ वटा विश्वमै दुर्लभ डंगर गिद्धलाई प्राकृतिक बासस्थानमा छाडिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको गिद्ध पुर्नस्थापना कार्ययोजना २०१६-२०१९ अनुसार यो कार्यलाई अघि बढाईएको हो । प्रजन्न केन्द्रमा हुर्काईएका गिद्धहरुलाई सफलता पुर्वक प्राकृतिक बासस्थानमा पुनर्वास गराई तिनीहरुको नियमित अनुगमन गर्ने गरी गत २०७४को बैशाखमा पहिलो चरणमा ६ वटा पोथी गिद्धहरुलाई प्रजन्न केन्द्रबाट चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र नमुना सामुदायिक वनमा रहेको जटायु रेष्टुरेन्ट क्षेत्रमा स्थापना गरीएको रिलीज एभिएरीमा सारीएको थियो । त्यस यता करीव सात महिना सम्म ति गिद्धहरुलाई प्राकृतिक वातावरण र त्यहा रहेका गिद्धहरुसँग घुलमिल गराई २०७४ को मंसीर महिनामा पुर्णरुपमा प्रकृतिमा छाडिएको हो । त्यसै गरी दोस्रो चरणमा २०७५ बैशाखमा प्रजन्न केन्द्रबाट रिलीज एभिएरीमा सारीएका १२ गिद्ध पाँच महिना पछी असोज १ का दिन प्रकृतिमा छाडिएको हो । दोस्रो चरणमा छाडन लागिएका १२ गिद्ध मध्ये ७ गिद्ध प्रजनन केन्द्रमा जन्मीएका हुन र यस प्रजातीको कृतिम प्रजनन गराई प्रकृतिमा छाडीएको विश्वमै पहिलो पटक हो । यि गिद्धको नियमित अनुगमन सहजताका लागि ढाडमा स्याटेलाईट ट्याग जडान गरीएको छ भने यि गिद्ध र जंगली गिद्ध बिचको अन्तरक्रिया तथा तुलनात्मक अध्यनयका लागि जंगली गिद्धमा पनि स्याटेलाईट ट्याग लगाई छाडिएको छ । स्याटेलाईट ट्याग जडान गरीएका जंगली गिद्धको हालसम्मको नियमित अनुगमनमा मुलत नेपालको करीव २० जिल्लाको २४ हजार बर्ग कि.मी. क्षेत्रमा विचरण गरेको देखीन्छ भने अपवाद स्वरुप एउटा स्याटेलाईट ट्याग जडान गरीएको जंगली गिद्ध कावासोतीको पिठौलीबाट करीव ११ सय कि.मी. टाढा पश्चिम-उत्तर तर्फ भारत र पाकिस्तानको सिमा जम्मु कास्मीर क्षेत्र सम्म पुगेको छ ।

सन् १९९०को दशकमा दक्षिण एशियामा करोडौ र नेपालमा लाखौको संख्यामा पाईने गिद्ध ९५% भन्दा बढीले घटी केही हजारमा सिमीत हुन पुगेको अवस्थामा नेपालमा प्रकृतिबाट लोपहुन बाट बचाउने उद्देश्य अनुसार चितवन राष्ट्रिय निकुञ्जको कसरामा गिद्ध संरक्षण तथा प्रजनन केन्द्रको स्थापना सन् २००८ गरीएको थियो । गिद्ध प्रजनन केन्द्रको स्थापना, संचालन र गिद्ध पुर्नस्थापना कार्ययोजना २०१६-२०१९ को लागु गर्न राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभाग सँग राष्ट्रिय प्रकृति संरक्षण कोष, नेपाल पन्छी संरक्षण संघ, बेलायती संस्था आरएसपिवी र जेडएसएलको महत्वपुर्ण सहयोग रहेको छ । यस केन्द्रमा राख्नको लागि पश्चिम नेपालका जिल्लाहरु नवलपरासी, रुपन्देही, कपिलबस्तु, दाङ्ग, कैलाली, कञ्चनपुर, अर्घाखाँची, पाल्पा, स्याङ्जा र कास्की बाट ६० वटा डंगर गिद्धका बच्चाहरु संकलन गरीएको थियो । यस केन्द्रमा राखिएका गिद्धले सन् २०१२ देखी अण्डा पार्न सुरुवात गरेका थिए भने सन् २०१७ मा ९ वोटा र सन् २०१८ मा ६ वोटा बच्चा कोरलीएका छन ।

उक्त गिद्ध छाडने कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभागका महानिर्देशक मन बहादुर खडकाको विशेष उपस्थितीमा रिलीज एभिएरीको ढोका खोलीएको थियो । यस कार्यक्रममा राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक गोपाल प्रकाश भटराई, चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत वेद कुमार ढकाल, जिल्ला समन्वय समिती, नवलपरासी ब.सु.पु का अध्यक्ष चेसराम आले, उधोग वाणिज्य संघ, कावासोतीका अध्यक्ष डासुराज पोखेल, राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यकारी निर्देशक दिपक कुमार सिंह, नेपाल पन्छी संरक्षण संघका अध्यक्ष राजेन्द्र गुरुङ, प्रमुख कार्यकारी अधिकृत इशाना थापा, जेडएसएल नेपालका वरीष्ठ कार्यक्रम अधिकृत भोगेन्द्र रायमाझी, कावासोती नगरपालीका मेयर चन्द्रा कुमारी पुन, सेभ कार्यक्रमका म्यानेजर क्रिश वाउडेन, जटायु रेष्टुरेन्ट व्यवस्थापन समितकि संयोजक डि.बि चौधरी, लामिचौर मध्यवर्ति उपभोक्ता समितीका अध्यक्ष बाशुदेव पौडेल, नमुना सामुदायिक वनका अध्यक्ष खिल बहादुर गुरुङ, मध्यवर्ति क्षेत्रका स्थानिय समुदाय र अन्य सरोकारवाला निकायका प्रतिनिधीहरुको उपस्थिती थियो ।

समुदायमा आधारीत गिद्ध संरक्षण कार्यक्रमको माध्यमले नेपालले लोपोन्मुख गिद्ध संरक्षणमा हासील गरेको सफलता विश्व संरक्षण समुदायकालागि अनुकरणीय बनेको छ । यस कार्यक्रमले नेपालबाटै थालनि गरिएको गिद्ध सुरक्षित क्षेत्रको वैज्ञानिक अवधारणालाई साकार पार्न र प्रजन्न केन्द्रमा हुर्काईएका गिद्धहरुलाई सफलता पुर्वक प्राकृतिक बासस्थानमा पुनर्वास गराई गिद्ध संरक्षणमा थप टेवा पुराउने छ ।